# २१. डा. सुरेशराज शर्मा

*[संवत् २०५० सालको पुरस्कार 'जगदम्बा-श्री' श्रीमती तारादेवीलाई र सोही सालको 'मदन पुरस्कार' 'माधयमिक नेपाली गद्याख्यान' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री शरदचन्द्र शर्मा भट्टराईलाई समर्पण गर्न संवत् २०५१ साल आश्विन २२ गते रोज ७ का दिन आयोजित समारोहमा काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. सुरेशराज शर्माले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १४० बाट उद्धृत गरिएको हो।]*

अध्यक्ष महोदय, पुरस्कार प्राप्त गर्ने विद्वान् तथा विदुषी एवम् उपस्थित विशिष्ट महानुभावहरू !

यस वर्षको "मदन-पुरस्कार" र "जगदम्बा-श्री" पुरस्कार अर्पण गरिने गरिमामय समारोहमा सम्मिलित हुने र केही उद्गारसमेत व्यक्त गर्ने सौभाग्य पाएकोमा म आफूलाई भाग्यशाली सम्झन्छु र यस्तो मौका प्रदान गर्नुभएकोमा आयोजकप्रति हार्दिक कृतज्ञता पनि ज्ञापन गर्न चाहन्छु।

मदन पुरस्कार गुठी जस्तो दूरगामी प्रभावको एउटा संस्था स्थापना गर्ने विचार २०१२ सालमै गर्न सक्ने महिला-रत्न रानी जगदम्बाका राष्ट्रप्रेमप्रति म नतमस्तक छु। उहाँको स्मृतिमा श्रद्धा-सुमन अर्पण गर्दै मेरो सानो वक्तव्य प्रारम्भ गर्दछु।

आफ्नो राष्ट्र र समाजलाई कुनै अविस्मरणीय र गहन योगदान पुऱ्याउने सौभाग्य कसै कसैलाई मात्र प्राप्त हुन्छ। यसरी पुऱ्याइएको योगदानको लेखाजोखा र सम्मान गर्ने परम्परा पनि अपेक्षित मात्रामा कमै रहेको पाइन्छ। योगदानको कदर गर्ने परम्पराको स्थापना गर्ने क्रममा मदन पुरस्कार गुठीको अग्रसरता ज्यादै प्रशंसनीय कार्यको रूपमा रहेको छ। उल्लेखनीय योगदान कै चर्चा गरौं। उपयुक्त ग्रन्थको चयन र ग्रन्थाकारको सम्मानले विशिष्टता त्यतिबेला हासिल गर्दछ जुनबेला यो कार्य निर्विवाद र लोकप्रिय हुन पुग्दछ। मलाई लाग्दछ, अहिलेसमम 'मदन पुरस्कार' प्रदान भएका सबै नै ग्रन्थहरूले यो सौभाग्य पाइआएका छन्। यस वर्षको ग्रन्थ 'माध्यमिक नेपाली गद्याख्यान' पनि त्यही पङ्क्तिमा उभिन पुगेकोमा यसका रचनाकार श्री शरद्चन्द्र शर्मा भट्टराईलाई बधाई अर्पण गर्न चाहन्छु।

त्यस्तै गायनको माध्यमद्वारा नेपाली भाषा र सङ्गीतक्षेत्रको विकासमा देशविदेशसम्म सेवा पुऱ्याई सह्राहनीय योगदान दिनुभएकोमा प्रदान गर्न लागिएको 'जगदम्बा-श्री' पुरस्कार प्राप्त गर्नुहुने तारादेवीप्रति पनि म बधाई ज्ञापन गर्न चाहन्छु।

ग्रन्थकार वा कलाकार हुन् जो कोही पनि मैले समाजलाई महत्त्वपूर्ण सेवा पुऱ्याएको छु भनेर दावी गर्न खोज्दछन् तर समाजले तिनलाई स्वीकार गरेको सौभाग्य भने कसैकसैले मात्र पाएका हुन्छन्। वास्तविक अर्थमा कुनै पनि कृति वा कार्य त्यतिबेला मात्र उत्कृष्ट मानिन पुग्छ, जुनबेला त्यसभित्र मौलिकताले प्रचुरमात्रामा स्थान पाएको हुन्छ, जुनवेला त्यसले सूक्ष्मरूपवाट मानव स्वभावलाई नियाल्न सकेको हुन्छ र जुनबेला त्यसमा समाजका लागि अनुकरणीय योगदान पुऱ्याएको ठहर हुने अवस्था आएको हुन्छ।

मानवजाति समाजको त्यस्तो रचना हो, जसले एकातिर कला, साहित्य र संस्कृतिलाई सँगाल्ने वा जगेर्ना गर्ने काम गरिरहेको हुन्छ भने अर्कोतिर त्यसैको माध्यमद्वारा समाजलाई परिवर्तनतिर उन्मुख गर्ने काम पनि उसैले गरिरहेको हुन्छ। नयाँनयाँ अनुभूतिको निरन्तर चाहना गर्ने पनि त्यही मानव स्वभाव हो, जो परम्परा र आफ्नो संस्कृति प्रति उत्तिकै प्रबल रूपमा मोह र ममता दर्शाइरहेको हुन्छ र यी दुवै पक्षमा कहिले यौटाको प्रवलता बढी रहन्छ त कहिले अर्काको। नयाँनयाँ अनुभूतिका चाहना ज्यादै तीव्र गतिमा आउन थाले भने मानव चरित्रले बढी क्रान्तिकारी रूप लिन थाल्छ र त्यस प्रकारको प्रवाहले सांस्कृतिक पक्षलाई धेरै नै बेवास्ता गर्न खोज्यो भने विकासको क्रम नै त्रुटिपूर्ण हुन सक्ने हुन्छ।

तसर्थ वर्तमान पुस्ताका लागि भावी पुस्तालाई सही दिशा उन्मुख गर्ने भन्ने नै गहन जिम्मेदारीको कुरा हुन पुग्दछ। पुराना मूल्य र मान्यताहरू नै हाम्रो विकासका लागि अवरोध हुन्, त्यसकारण तिनलाई जरैदेखि उखेलेर फ्याकौं र नयाँ संस्कारको स्थापना गरौं भन्ने विचारले नयाँ पुस्तालाई चाँडै नै आकर्षित गराउन खोज्दछ। तर के संस्कार र परम्परा फ्याँकेर फ्याँकिने र तुरुन्तै स्थापित गरेर स्थापित हुने वस्तु हुन् त? यदि यस्तो प्रयास भयो भने सभ्यता र विकास नै विनाशतिर उन्मुख हुन जाँदैनन् र? प्राय: कम विकसित मुलुकहरू आफ्नो पछ्यौटेपनका लागि आफ्नो संस्कृति, आफ्नो धर्म र आफ्नो समाजको ढाँचालाई दोष दिन खोज्छन् र बाहिरी विकसित मुलुकका संस्कृति र सोचाइप्रति मोहित हुन पुगी त्यस्तै नै हुनुपर्दछ भनी वकालत पनि गर्दछन्। तर यहाँ प्रश्न उठ्छ, के हामी अन्य मुलुकका संस्कृतिलाई त्यति सजिलै भित्र्याउन सक्छौं होला त? के हाम्रो आफ्नै सभ्यता र संस्कृतिले पनि त्यसो हुन देला त?

यस सन्दर्भमा हामी विकसित मुलुककै उदाहरण लिन सक्छौं। तिनीहरूले आफ्ना मूल्य र मान्यताकै आडमा आ-आफ्ना राष्ट्रका समुचित विकासका ढाँचा निर्माण गरेका छन् र उनीहरूलाई आफ्ना मुलुकको विकास गर्न आफ्ना कला र संस्कृतिलाई नै त्याग्नुपर्ने कहिल्यै आवश्यकता परेन। जर्मनीले विकासको संरचना जर्मन

संस्कृतिकै जगमा गरे भने जापान, फ्रान्स वा बेलायत जस्ता मुलुकहरूले पनि त्यही नै गरे। उनीहरूलाई पछ्यौटेपनबाट सम्पन्नतातिर जान जव परम्परा र संस्कृति वाधक भएन भने हाम्रो जस्तो समाजले त्यसलाई वाधक हो भन्ने सम्झनु कदापि उपयुक्त हुने देखिँदैन। त्यसकारण विकासका लागि आफ्ना परम्परा र संस्कृतिलाई वाधक तत्त्व ठहर गर्नुको सट्टा हाम्रो आफ्नो संस्कृति सुहाउँदो विकासको ढाँचा पहिल्याउन वा निर्माण गर्नेतर्फ ध्यान दिनु बढी युक्तिसङ्गत देखिन्छ। हाम्रो लागि आजको वास्तविक चुनौती त्यसप्रकारको विकासढाँचाको खोजी वा पहिचान गर्नु नै मुख्य हो भन्ने ठानेको छु।

सभ्यता र संस्कृतिको जगेर्ना गर्ने र तिनकै आधारशिलामा विकासका संरचना तयार गर्ने अभिभारा प्राय: मुलुकका प्रबुद्ध वर्गमा सुम्पिएको हुन्छ। यो भूमिका निर्वाह गर्न हामी सक्षम छौं भनी कहिले राजनीतिज्ञहरू अगाडि सर्दछन् भने यो जिम्मेदारी मुलुकको शासन सञ्चालन गर्ने प्रशासन यन्त्रको हो भनी अर्का थरी सम्झन्छन्। राजनीतिभित्र विकासका भिन्नाभिन्नै अवधारणाहरूको बाहुल्यता रहेको हुन्छ र राजनीतिज्ञहरू लघुकालीन वा तत्कालीन समस्यामा नै मुख्य रूपमा अल्मलिरहने हुँदा उनीहरूका लागि अरू बढी गम्भीर र मार्मिक कुराहरूको महत्त्व गौण हुन पुग्छ। यस अवस्थामा तर्कका स्थानलाई अधैर्य र सहिष्णुताको ठाउँलाई अहंकारले समेत ओगटेर रहेको हुन्छ। त्यस्तै प्रशासन यन्त्र पनि परिवर्तनमुखीभन्दा बढी यथास्थितिवादी हुन खोज्छ।

उपर्युक्त अवस्थामा यसप्रकारका भूमिकाहरू निर्वाह गर्ने प्रमुख जिम्मेवारी उच्चकोटीका विद्यापीठ र प्राज्ञिक प्रतिष्ठानहरूले बोकेका हुन्छन्। यस्ता स्थानमा विश्वकै उत्कृष्ट ग्रन्थहरू सङ्ग्रह गरिएका हुन्छन् र यहाँका क्रियाकलापहरूमा राष्ट्रकै प्राज्ञिक र बौद्धिक हस्तीहरू संलग्न भएका हुन्छन्। यस्ता प्रतिष्ठानहरूमा समसामयिक विषय र विश्वभरिकै समकालीन गतिविधिहरूप्रति निरन्तर चिन्तनमनन गर्ने, वैचारिक आदानप्रदान गर्ने र खोज एवं अनुसन्धान गर्ने क्रियाकलाप भैरहेका हुन्छन्। एक प्रकारका संस्थाहरू प्राचीन कालदेखि वर्तमान कालसम्मका सभ्यता, संस्कृति र मानव मात्रले गर्न सकेका उपलब्धिसम्बन्धी सामग्रीहरू सङ्ग्रह गर्ने सङ्ग्रहालय र कलाकेन्द्रको रूपमा काम गरिरहेका हुन्छन् भने अर्काथरी संस्थाहरू अनुसन्धान र खोजमा मात्र कार्यरत रहन्छन्। फेरि अर्काथरी विद्यापीठहरूचाहिँ निरन्तर रूपबाट खोज गरिँदै आएका र समाजका लागि उपयोगी हुने ठहरिएका ज्ञान सीपका विषय वस्तुहरूलाई नयाँ र जिज्ञासु पिँढीमा पुऱ्याउन कार्यरत रहेका हुन्छन्। यसप्रकार मुलुकका सांस्कृतिक केन्द्रहरू, प्रज्ञाप्रतिष्ठान र विद्यापीठहरूले अहिलेसम्मका मानव उपलब्धिलाई जगेर्ना गर्ने र भावी पिँढीलाई सही दिशा प्रदान गर्ने गहन जिम्मेदारी बोकेका हुँदा तिनको सृजना र सञ्चालनप्रति कुनै पनि स्रष्टाले सर्वोपरि महत्त्व प्रदान गर्नुपर्ने कुरा निर्विवाद रूपमा रहेको देखिन्छ। विकशित मुलुकहरूले यो तथ्य राम्ररी बुझेका छन् र मुलुकका सर्वोच्च-तहका विद्वान्हरूबाट यसप्रकारका केन्द्रहरूको सञ्चालन

हुने परिपाटि बसालेका छन्। यस्ता देशहरूमा विद्वान्हरू आफ्नो योगदान गर्ने सर्वोत्तम थलो नै प्राज्ञिक प्रतिष्ठानहरू र विश्वविद्यालय वा महाविद्यालयहरू जस्ता संस्थालाई मान्दछन् र जीवनको प्रथम लक्ष्य नै त्यस्ता ठाउँमा गएर काम गर्नलाई बनाउँदछन्। त्यहाँ भएका प्राज्ञिक क्रियाकलापबाट सिर्जित ज्ञान र कौशललाई नै मुलुकको आर्थिक ढाँचा तयार पार्नमा, सामाजिक क्षेत्रको विकास गर्नमा र सक्षम प्रशासनिक एवं राजनैतिक ढाँचा निर्माण गर्नमा पथप्रदर्शकको भूमिका प्रदान गर्ने परिपाटिले विकशित मुलुकलाई झन् अगाडि बढ्ने सामर्थ्य प्रदान गरेको छ।

यिनै कुराको परिप्रेक्ष्यमा नेपालको वर्तमानस्थितिप्रति थोर बहुत चर्चा गर्नु प्रासङ्गिक ठहऱ्याउँछु। आज मुलुकका प्राज्ञिक संस्थानहरूले त्यो महत्त्व र गरिमा प्राप्त गर्न सकेका छैनन् र ती संस्थाहरू समाजको आशा र विश्वासका केन्द्रको रूपमा अगाडि आउन सकेका छैनन्। पहिलो कुरा त्यस्तो महत्त्वको बोध नै अभाव रूपमा रहेको छ। धेरै छलफल र प्रयासपश्चात् शिक्षण र प्राज्ञिक संस्थानहरूले जन्म लिन्छन्, तर तिनको विकास र सञ्चालन गर्ने नेतृत्वको चयन प्राज्ञिक समुदाय र समाजले गर्दैन। राजनीति वा प्रशासन यन्त्रले त्यसको चयन गर्नेबित्तिकै त्यस्ता संस्थाले आफ्नो महत्त्व गुमाउन थाल्दछन्। एकातिर प्राज्ञिक व्यक्तिहरू प्रायः स्वतन्त्र हुन रुचाउँछन् र राजनीति र प्रशासनमुखी प्रकृतितिर उन्मुख हुन चाहँदैनन् भने अर्कोतिर राजनीति र प्रशासनतिर उन्मुख हुन रुचाउने अर्का खाले व्यक्तिहरू प्राज्ञिक संस्थानको बागडोर सम्हाल्न पुग्छन्। यस्तो अवस्थामा ती संस्थाहरूमा एकथरी विद्वान्हरू काम गर्न आकर्षित नै हुँदैनन् भने अर्कातिर व्यक्तिहरू मानसिक रूपबाट काम गर्न उत्साहित नभै न्यून भूमिका लिएर बस्दछन्। फलस्वरूप मुलुकका बौद्धिक हस्तीहरूको सहभागिता कम हुँदै जान्छ र साथै अन्य क्षेत्रतिर पलायन हुन थाल्छ। अहिले मुलकमा यस्तै रूप विद्यमान छ। शिक्षण संस्था वा प्राज्ञिक प्रतिष्ठानमा काम गर्नु न आकर्षण कै विषय बन्न पुगेको छ, न त प्रतिष्ठाकै। जसको नेतृत्व र जसको सक्रियतामा यस्ता संस्थाले मुलुकको बौद्धिक नेतृत्व लिन सक्ने र प्रतिष्ठा आर्जन गर्न सक्ने क्षमता प्राप्त गर्न सक्ने पार्नु हो, तिनकै यसप्रकारको अवस्थाले नेपालका प्रतिष्ठानहरू कुण्ठित हुन पुगेका छन् र प्राज्ञिक नेतृत्व दिन सक्ने विश्वास आर्जन गर्न नसक्ने भएका छन्।

अर्कोतिर मुलुकको वर्तमान शासन-व्यवस्थाले विकासका लागि भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने शिक्षाको र स्वास्थ्यको अवसरमा व्यापक वृद्धि गर्न ग्रामीण क्षेत्रको विकास र रोजगारीको वृद्धिमा बढी जोड दिनुपर्ने कुरा नै सर्वोपरी महत्त्वको कुरा हो भन्ने सोचिएको र त्यसका लागि आफ्ना वचनवद्धता र कृतसङ्कल्पता व्यक्त गरेको छ। यसप्रकार विकासका पूर्वाधार निर्माण र सामाजिक क्षेत्रका कार्यक्रमको विस्तार गर्नमा बढी लगानी गर्नुपर्ने ठहर गरी ती कार्यमा वैदेशिक ऋण सहयोग प्राप्त गरेर भए पनि सम्पादन गर्नमा उद्दत छ। यो कुरा पनि यहाँ सिद्ध भैसकको छ कि पूर्वाधार हरू तयार हुँदै गएपछि तिनको समुचित स्याहारसम्भार हुन सकेन भने ती पूर्वाधारहरू झन् बोझपूर्ण हुँदै जान सक्ने रहेछन्। यी पूर्वाधारको सञ्चालनमा र तिनको

सम्भारमा पर्ने खर्च यदि आफ्नै क्षमताले व्यहोर्न सक्ने स्थिति भएन र त्यसको लागि बाहिरतिरकै मुख ताक्नुपर्ने अवस्था भयो भने हाम्रो विकासले स्वावलम्बी चरित्रभन्दा परमुखी चरित्रलाई बढ्ता आत्मसात गर्न पुग्छ ।

उदाहरणको रूपमा नेपालमा सडक यातायात वृद्धि भयो । त्यसका लागि हुने आर्थिक दायित्वभन्दा आर्थिक प्रतिफल बढी हुने अवस्थामा पुग्नअगि नै मर्मतसम्भार बोझपूर्ण हुँदै गएको र त्यसका लागि फेरि विदेशी ऋण सहयोगको आशा गर्नुपर्ने अवस्था आउन थाल्यो । अस्पताल बन्न थाले, तर तिनको सञ्चालन र सम्भारका लागि खर्च पुग्न छाड्यो, स्वास्थ्य केन्द्रमा न भनेजस्तो डाक्टर पुऱ्याउन सकियो न औषधि तथा उपकरण, त्यस्तै प्राथमिक विद्यालय, निम्न माध्यमिक, माध्यमिक र महाविद्यालयहरू स्थापना भए, तर तिनको सञ्चालनमा होस्, पाठ्यक्रम सुधारमा होस्, शिक्षक तालिममा होस्, परीक्षा सुधारमा होस्, बाहिरी सहयोगतिर मुख ताक्ने अवस्था आउन थाल्यो। त्यस्तै हाम्रो देशलाई अपार जलश्रोतले धनी मुलुक भन्छौं, हो पनि। तर त्यसको परिचालन गर्ने कुरा सुन्दा र परिचालन भएका परियोजनाको प्रतिफल जनतासमक्ष पुग्न थाल्दा उनीहरूको औकातले नभ्याउने रूपमा सेवाको मूल्य देखिन थाल्यो । यसप्रकारको अवस्थाबाट राम्रो अवस्थामा छोटो समयभित्रै सुधार भैसक्ला भन्ने कुरामा सरकारले जनतालाई आश्वस्त गर्न सक्नुपर्दछ, तर त्यो हुन सकेको छैन, न त विकासको क्रममा आफ्नो जनशक्तिलाई सक्रिय भूमिका नै प्रदान गर्न सकिएको छ ।

यस्तो अवस्थामा हाम्रो विकासका अवधारणामा नै आमूल परिवर्तन पो गर्नुपर्ने हो कि? जन संशोधन (Human Resource) को विकासलाई सर्वोपरि महत्त्व दिनुपर्ने अवस्था आएको जस्तो लाग्दछ। भन्न त विगत चार दशकदेखि शिक्षामा बढी लगानी गर्नुपऱ्यो, शिक्षाको अवसरमा विस्तार गर्नुपऱ्यो, भन्ने कुरामा जोड दिँदै आएका छौं । शिक्षा क्षेत्रले कस्तो प्रकारको जनशक्ति तयार गर्नुपऱ्यो ? त्यस्तो जनशक्ति चाहेको स्तर र सङ्ख्यामा उत्पादन गर्न सकियो कि सकिएन, सकिएन भने किन सकिएन, त्यसको लेखाजोखा हुनु पो बढी महत्त्वपूर्ण कुरा हो कि ? लगानीमा मात्र वृद्धि गरेर हामीले खोजेका कुरा नै पाउन सकिन्छ ? मुलुकको जनशक्ति स्वावलम्बी बनाउने, मुलकका आर्थिक क्रियाकलपामा प्रत्यक्ष सहभागी हुन सक्ने जमात तयार पार्ने, अन्य मुलुकसँग विकासमा प्रतिस्पर्धा गर्न सक्ने गुण र सीप बोकेको जनशक्ति तयार पार्न हाम्रा शिक्षण संस्था उन्मुख हुनुपर्ने पो आजको आवश्यकता हो कि ? यसप्रकारको भूमिका निर्वाह गर्ने अवस्थाबाट अझ हाम्रा संस्था टाढै रहेका छन्। कारण अनेक हुन सक्छन् जस्तै जन संशोधन विकासको महत्त्वले प्राथमिकता नपाएको हुन सक्दछ, आर्थिक लगानी ठीक ठाउँमा नपरेको हुन सक्छ, शिक्षण संस्थाको विकासमा बौद्धिक समुदायलाई सहि किसिमले संलग्न गराउन नसकेको हुन सक्छ वा शिक्षण संस्था सञ्चालनमा त्यस क्षेत्रका मर्मज्ञ भन्दा अरूलाई नै सञ्चालन गर्ने कार्य सुम्पिएको हुन सक्छ ।

हिजोआज कुनै पनि परियोजना र विकास कार्यमा सबभन्दा कठिन कुरा खोजेजस्ता विशेषज्ञ नपाउनु देखिन्छ भने अर्को खर्चको दृष्टिकोणले पनि महँगो कुरा विशेषज्ञ र प्राविधिज्ञहरूको खर्च रहेको पाइन्छ । नेपालको योजनाका लागि विदेशी विशेषज्ञको खर्चको संलग्नता हुन्छ, त्यो सुरुमा देखिँदैन तर पछि उत्पादनमा देखिन आउँछ । अहिले एकातिर हजारौं इन्जिनियरलाई सक्रिय रूपमा काम दिन सकिएको छैन । एक-दुई हजार मात्र टेक्निसियनका लागि पनि रोजगारी दिन सकिएको छैन भने अर्कोतिर आफ्नै मुलुकमा सञ्चालन हुने काममा बाहिरका विशेषज्ञको मोल तिर्न परिरहेको छ । आफ्नै मुलुकका प्राविधिज्ञको अधिकतम प्रयोग गर्ने ढाँचा बनाउन सकिएको छैन । हाम्रा आफ्नै प्राविधिज्ञहरूको उपयोगमा कैयन् गुणा वृद्धि गर्ने गुञ्जाइस छ र त्यसको प्रतिफलको रूपमा उनीहरूलाई अपेक्षित पारिश्रमिक दिन पुग्ने स्थितिलाई हामीले गम्भीर रूपमा सोचेका नै छैनौं । नेपाली प्राविधिज्ञहरू मात्रको सहभागिताबाट पूर्वाधार निर्माण र पूर्वाधारका संरक्षण गर्ने हो भने हामीले धेरै विकासका योजनाको थालनी गर्न सक्छौं । र तिनको सञ्चालन एवं सम्भारको खर्च धान्न सक्छौं । यी सबै कार्य हाम्रो क्षमताभित्र अटाउन सक्छन् । दिगो र आफ्नो क्षमताले धान्न सक्ने विकासको ढाँचा पो हामीलाई चाहिएको हो कि ?

तसर्थ हाम्रो शिक्षणसंस्थाहरू आफ्नो भूमिका राम्रोसँग निर्वाह गर्न सक्ने, अन्य मुलुकका राम्रा शिक्षणसंस्थाको हाराहारीमा उभिन सक्ने र सक्षम, कर्मठ र सीपयुक्त जनशक्ति उत्पादन गर्ने भै समाजबाट सम्मान र विश्वाश आर्जन गर्न सक्ने हुन परेको छ । हाम्रा मुलुकभित्र पनि त्यसप्रकारको शिक्षणसंस्था स्थापित भएका हुन् जहाँ आफ्ना छोराछोरी पढाउन जुनसुकै बाबु-आमा पनि लालायित होऊन्, देशविदेशबाट समेत त्यहाँ पढ्न आउने आकर्षण होस्, त्यहाँ काम गर्नु प्रतिष्ठाको कुरा हो भनी अध्यापकहरूले सम्झन सकून् र त्यहाँभित्र हुने प्रत्येक क्रियाकलापले जनताको मनमा आदर जगाउन सकोस् । यस्ता संस्थाको सिर्जना र स्थापना गर्न भन्दा ठूलो उपहार यस पिँढीको भावी पिँढीका लागि अरू नै के हुन सक्छ र ? यदि सक्षम, कर्मठ र चरित्रवान् पिँढी तयार भएको देखिन थाल्यो भने त्योभन्दा राम्रो विकासका लक्षण के हुन सक्छ र ? आजका विद्यार्थीले आर्जन गरेको सीप, ज्ञान र गुणको आधारमा नै भोलिको भविष्यको अनुहारको अनुमान हुन सक्छ ।

अन्त्यमा मदन पुरस्कार गुठीबाट आयोजित यस्तो आकर्षक र भव्य समारोहमा यत्रायत्रा विद्वान्हरूको जमातमा साहित्य, कला र संस्कृतिका महारथी र पारखीको अगाडि आफ्ना सानातिना विचार राख्ने दृढता गरें । विषयवस्तुको गहिराइमा पुग्न त मेरो क्षमता बाहिरको कुरा होला तर आफ्ना मनमा रहेको प्रबल धारणाहरू व्यक्त गर्ने कोसिस भने इमान्दारीपूर्वक गरेको छु ।

नमस्कार ।

⊠ ⊠ ⊠